# स्वर्गद्वारी नगरपालिकाको दोस्रो चौमासिक समको

# सार्वजनिक सुनुवाई कार्यक्रम

मितिः २०८०/११/१९ गते शनिबार

स्थानः स्वर्गद्वारी नगरपालिका वडा नं २, बाल माध्यमिक बिद्यालयको प्रांगण धरमपानी प्यूठान ।

स्वर्गद्वारी नगरपालिकाले आयोजना गरेको यो दोश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमका अध्यक्ष तथा नगर प्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडाध्यक्ष ज्यू, ईलाका प्रहरी कार्यालय भिंगृ तथा स्वर्गद्धारीका कार्यालय प्रमुख ज्यूहरु श्री वाल संस्कृत मा. वि. धरमपानीका व्यवस्थापन समितिका अध्यक्ष ज्यू, प्र. अ. ज्यू, वडा सदस्य ज्यूहरु, सम्पूर्ण कार्यालयका प्रमुख ज्यूहरु सम्पूर्ण विद्यालयका प्र.अ.ज्यूहरु उपभोक्ता समितिका पदाधिकारी ज्यूहरु तथा नागरिक समाजका प्रतिनिधि ज्यूहरु कार्यक्रमकाको सहजीकरण तथा प्रत्यक्ष प्रसारण गरिरहनुभएका रेडीयो स्वर्गभूमिका पत्रकार मित्रहरु स्थानीय वुद्धिजिवी तथा तथा महिला सज्जन वृन्द,

हाम्रो निमन्त्रणालाई स्विकार गरि यस सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित भईदिनु भएकोमा स्वर्गद्धारी नगरपालिका र मेरो व्यक्तिगत तर्फवाट हार्दिक अभिनन्दन गर्न चाहान्छु ।

यस स्वर्गद्धारी नगरपालिकाको सार्वजनिक प्रशासन तथा यसले सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन, कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सृजना गर्न, सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन, सुसासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम स्वर्गद्धारी नगरपालिकाले यस वडा नं २ को धरमपानी वजारमा रहेको वाल संस्कृत मा.वि.को यस प्रांगणमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिरहेको छ । अव म पालिकाले यस अवधिमा सम्पादन गरेका मुख्य कार्यहरुको प्रगती विवरण पेश गर्न चाहन्छु ।

चालु आ.व २०८०/०८१ मा आन्तरिक आय तर्फ रु २ करोड २० लाख अनुमान गरिएकोमा मिति २०८० साल फागुन १६ गते सम्म जम्मा आन्तरिक आम्दानि रु :

१ करोड ४९ लाख ८५ हजार ४४१.८८ संकलन भएको छ यो आम्दानी कुल अनुमानको ६८.०७ प्रतिशत हुन आउँछ ।

वडागत आम्दानी बिवरण तपसिल बमोजिम रहेको छ ।

| | |
|---|---|
| नगरपालिकाको कार्यालयबाटः | १ करोड ०९ लाख ९१ हजार ८६२.७ |
| वडा नं १ | १ लाख २२ हजार ९४७.१२ |
| वडा नं २ | ३ लाख १९ हजार ५७५.३० |
| वडा नं ३ | ५ लाख ४० हजार ३०८.०९ |
| वडा नं ४ | ७ लाख १० हजार ७६३.०९ |
| वडा नं ५ | ५ लाख ८६ हजार ५९७.७६ |
| वडा नं ६ | ३ लाख २१ हजार ४१२.०२ |
| वडा नं ७ | ४ लाख ४८ हजार ४१३.८४ |
| वडा नं ८ | ३ लाख ५९ हजार ७७९.२२ |
| वडा नं ९ | ५ लाख ८३ हजार ७८२.७४ |

**चालु आ.व २०८०/०८१ मा नगरपालिकाबाट विनियोजित र अन्तर सरकारी अख्तियारीबाट प्राप्त बजेट बिवरण**

| शिर्षक | जम्मा विनियोजित बजेट |
|---|---|
| चालु आ/व २०८०.८१ मा नगरपालिकाबाट विनियोजित रकम | रु ६४ करोड ५१ लाख ८९ हजार १६४.३८ |
| अन्तर सरकारी अख्तियारीबाट प्राप्त बजेट | रु १६ करोड २७ लाख ४१ हजार ४९१ |
| जम्मा बजेट | रु ८० करोड ७९ लाख ३० हजार ६८८.३८ |

**खर्च तर्फ**

| **शिर्षक** | **जम्मा विनियोजित बजेट** | **खर्च रकम** | **खर्च प्रतिशत** |
|---|---|---|---|
| चालु बजेट | ४५ करोड १७ लाख ९९ हजार ९५८ | १९ करोड ७७ लाख १५ हजार ५८३.४३ | ४३.७६% |
| पुजीगत बजेट | १९ करोड ३३ लाख ८९ हजार २०६.३८ | ५ करोड ६० लाख ०७ हजार ३६०.६३ | २८.९६ % |

| | | | |
|---|---|---|---|
| अन्तर सरकारी अख्तियारीबाट प्राप्त बजेट | १६ करोड २७ लाख ४१ हजार ४९१ | ७ करोड २३ लाख ८३ हजार १४७ | ४४.४७% |
| कुल जम्मा | ८० करोड ७९ लाख ३० हजार ६५५.३८ | ३२ करोड ६१ लाख ०६ हजार ०९१.०८ | ४०.३६% |

**आ.ब. २०८०।०८१ को पहिलो सात महिना(श्रावण देखि माघ सम्म )को भौतिक तथा बित्तिय प्रगति बिवरण**

| वडा नम्बर | भुक्तानी सख्या (समपुरक, गै.स.स.) समेत | कुल योजना (समपुरक, गै.स.स.) समेत |
|---|---|---|
| वडा १ | ५ | १० |
| २ | १२ | १६ |
| ३ | ६ | २३ |
| ४ | ११ | १६ |
| ५ | ९ | २२ |
| ६ | ८ | १४ |
| ७ | ८ | २५ |
| ८ | ५ | १४ |
| ९ | १४ | २० |
| प्रदेश बाट हस्तान्तरित | ० | १२ |
| संघीय सरकारबाट हस्तान्तरित | ७ | १६ |
| नगरपालिका कार्यालय | १५ | २३ |
| गोल र समपुरक म्याचिङ तर्फ | १४ | २४ |
| | ११४ | २३५ |

## पूर्वाधार शाखाको प्रगति विवरण :

**यस नगरपालिकाको हाल सम्मको प्रगती विवरण निम्नानुसार रहेको छ।**

**ठेक्का विवरण :**

**१ ठेकका भई निमार्णको चरणमा रहेको आयोजना संख्या : ६**

**२ ठेक्का भई सम्झौताको क्रममा रहेका आयोजना संख्या ८ (८ ठेक्का र वडा तर्फका ९ वटा सिल्ड कोटेशन)**

३ ठेक्का हुन वाँकी २ वटा

४. ढलान वाटो पक्की ४२७ मीटर

५. नयाँ ट्याक ओपनीङ २२२७ मीटर

६. पोखरी ३ वटा

७. प्रतिक्षालय १ वटा

८. पक्की सिचाईकुलो ४६२.४ मी.

९. खानेपानी धारा ३४ नयाँ घर परिवार

१० डिपिङ ट्यांक १

११. विद्यालय भवन निर्माणाधिन १

१२. मन्दिर मर्मत १

१३ शान्तीपार्क भवन निमार्ण सम्पन्न १

१४ ग्याविन तारजाली सम्पन्न ४२ घ.मी.

१५. पाईप लाइन विस्तार १००० मी

## शाखाको नाम : स्वास्थ्य शाखा

**भौतिक तथा बित्तिय प्रगति बिवरण**

| **शःसर्त तर्फ** | | | | कैफियत |
|---|---|---|---|---|
| कुल कार्यक्रम संख्या | कुल बिनियोजित बजेट | हाल सम्म सम्पन्न कार्यक्रम संख्या | हाल सम्म कुल खर्च बजेट | |
| २१ | ४,८५,०५,००० | १०(४७.६२ प्रतिशत) | २,५१,१०,१२०(५१.७६ प्रतिशत) | |

| निःसर्त तर्फ | | | | कैफियत |
|---|---|---|---|---|
| कुल कार्यक्रम संख्या | कुल बिनियोजित बजेट | हाल सम्म सम्पन्न कार्यक्रम संख्या भौतिक प्रगति) | हाल सम्म कुल खर्च बजेट(बित्तिय प्रगति) | |
| १८ | १,२२,६६,४०० | ११(६१ प्रतिशत) | ५३,७३,९३६(४४ प्रतिशत) | |

## स्वास्थ्य शाखा (आयुर्वेद )

| कुल कार्यक्रम संख्या | कुल बिनियोजित बजेट | सम्पन्न कार्यक्रम संख्या | खर्च बजेट | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १२ | १६,००,००० | ७ | ३,६५,००० | २२।८१ | |

जस मध्ये ७ लाखको औषधि खरिद कार्यक्रम प्रक्रियामा रहेको जसको कारणले गर्दा खर्च प्रतिशतमा कमि देखिएको )

## शिक्षा युवा तथा खेलकुद शाखा

| कुल कार्यक्रम संख्या | कुल बिनियोजित बजेट | सम्पन्न कार्यक्रम संख्या | खर्च बजेट | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| ११ | ५९,८९,३५० | ११ | ३६,९९,३५० | ६१.७६ | |

### महिला बालबालिका अपांगता तथा ज्येष्ठ नागरिक शाखा

| कुल कार्यक्रम संख्या | कुल बिनियोजित बजेट | सम्पन्न कार्यक्रम संख्या | खर्च बजेट | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १९ | २५,००,००० | ८ | ९,६७,८१५ | ३८.७२ | |

१) हाल संचालन भईरहेको कार्यक्रम १ वटा

२) नियमीत संचालन हुने कार्यक्रम ३ वटा (आ.व. को सुरु देखि अन्तिम सम्म)

## शाखाको नामः कृषि विकास शाखा

| कुल कार्यक्रम संख्या | कुल बिनियोजित बजेट | सम्पन्न कार्यकम संख्या | खर्च बजेट | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १४ | ३०००००० | ५ | १०७६००० | ३५८६. | |

४ वटा कार्यक्रम संचालनको अबस्तामा रहेको

## रोजगार सेवा केन्द्र

| कुल कार्यक्रम संख्या | कुल बिनियोजित बजेट | सम्पन्न कार्यकम संख्या | खर्च बजेट | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| ११ | ४४,५२,००० | 0 | 0 | 0 | कार्यक्रम संख्या २ |

## लघु उद्यम विकास कार्यक्रम

| कुल कार्यक्रम संख्या | कुल बिनियोजित बजेट | सम्पन्न कार्यकम संख्या | खर्च बजेट | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| ५ | २२५०००० | १ | ७३६१६० | ३२.७१ | |

## बहुक्षेत्रीय पोषण कार्यक्रम

| कुल कार्यक्रम संख्या | कुल बिनियोजित बजेट | सम्पन्न कार्यकम संख्या | खर्च बजेट | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| २ | १०००००० | 0 | १६१००० | १६.१ | |

**कानूनी ईकाई शाखा**

| कुल कार्यक्रम संख्या | कुल बिनियोजित बजेट | सम्पन्न कार्यक्रम संख्या | खर्च बजेट | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| ८ | १५००००० | २ | ६००००० | ४० | |

**आ.व. ०८०/८१**

निवेदन दर्ता सङ्ख्या- २८

सम्पन्न-२०

चालु अवस्थामा रहेका-८

## गैर सरकारी संस्था तर्फ

**परियोजनाको नाम : कृषि तथा जीविकोपार्जन प्रबर्द्धन परियोजना**
चालु आ.व.को कुल आयोजना सख्या : १३
चालु आ.व.को कुल कार्यक्रम सख्या : ३६४
सम्पन्न योजना सख्या : १०
सम्पन्न कार्यक्रम सख्या : २८२
कुल विनीयोजित रकम : परियोजनाको रु १०७२२९६४। र नगरपालिका तर्फको रु १५००००। गरि जम्मा रु १,२२,२२,९६४।

खर्च रकम : परियोजना तर्फको ७१,५१,३०९।२४ र पालिका तर्फको ११४६०००। गरि जम्मा
कुल प्रतिशत : ६७८८ प्रतिशत

**परियोजनाको नाम : कृषि तथा पशु विकासमा आधारित साना किसान तथा यूवा उद्यमशिलता विकास साझेदारी परियोजना**

आर्थिक सहयोग : स्वर्गद्वारी नगरपालिका प्यूठान (७० प्रतिसत सम्पुर्ण कार्यक्रमको खर्च) र हेफर प्रोजेक्ट नेपाल ( ३० प्रतिशत प्रशासनिक खर्च)

सहजिकरण : फुलवारी एकिकृत ग्रामिण विकास संस्था (फिर्डो) नेपाल

कार्यक्षर : सवै वडाहरु

१. चालु आर्थिक वर्ष ०८०/०८१ का कार्यक्रमहरु :

१.१ कुल विनीयोजित रकम : ८०,००,०००।००

१.२ खर्च रकम : ३०,२४,१४३।००

१.३ खर्च प्रतिशत : **३७.८ प्रतिशत**

## श्रावण देखि हाल सम्मको महत्वपूर्ण कार्य बिवरण

- प्रथम र दितिय त्रैमासिक सामाजिक सुरक्षा भत्ता **३४९७** जना लाभग्राहि लाई रु **६ करोड १६ लाख २३ हजार ३४२** बितरण
- मिति २०८०।०४।०१ देखि २०८०।११।१६ गते सम्म भएका घटना दर्ता जम्मा **८४४७**
- राष्ट्रिय परिचय पत्रको अनलायन आवेदन फारम ८०० जनाको इन्ट्रि भयको
- दितिय त्रैमासिक बाट सामाजिक सुरक्षा भत्ता EFT बाट वितरण गर्न सफल
- चालु आ.व २०८०/८१ मा कुल १०४ योजना मध्ये ८३ ओटा योजनाको सम्झौता कार्य सम्पन्न भई सकेको छ ।
- यस स्वर्गद्वारी नगरपालिकाको पन्चबर्षे योजना आवधिक योजना २०८० तयार गरिएको
- नगरपालिकाबाट संचालन हुने योजनालाइ थप प्रभाबकारी बनाउन नगरपालिकाले आफ्नै JCB खरिद गरिएको
- स्वर्गद्वारी नगरपालिकाको आफ्नै चमेना गृह निर्माणको कार्य सुचारु गरिएको

- स्वर्गद्वारी नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माणको लागि पहिलो अभिमुखिकरण कार्यक्रम सम्पन्न भइ कार्यक्रमको थालनी भएको,
- आर्थिक रुपले अति विपन्न विद्यालयहरुलाई यस नगरपालिकाले कार्यविधि निर्माण गरी एकमुष्ठ अनुदान वितरण
- वालविकास शिक्षकहरुको लागि क्षमता विकास तालिम स्वरुप मन्टेश्वरी तालिम सम्पन्न
- शिक्षालाई उत्पादनसंग जोडि उत्पादनमुखी शिक्षा विद्यालयवाटै लागु गर्नको लागि पढ्दै कमाउदै कार्यक्रम सम्पन्न
- विद्यार्थी लेखाजोखा प्राविधिक समिति गठन गरी अपाँग विद्यार्थीको पहिचान तथा छात्रवृत्ति निर्धारण
- प्राथमिक स्वास्थ्य केन्द्र भिंग्रीमा एम्बुलेन्स खरिद गरिएको
- संस्थागत सुत्केरी हुनेलाई निशुल्क एम्बुलेन्स सेवा सुचारु गरिएको

**१.आमा सुरक्षा कार्यकम अन्तरगत गर्भवति जाँच**

क.पहिलो पटक जुनसुकै समयमा २६६ जना(४४ प्रतिशत)

ख.१२ हप्तामा १८९ जना(३१ प्रतिशत)

ग.प्राटोकल बमोजिम ४ पटक १४७ जना(२४ प्रतिशत)

घ.८ पटक  १२० जना(२० प्रतिशत)

२.आमा सुरक्षा कार्यकम अन्तरगत

क.**संस्थागत सुत्केरी २१२ जना(३५ प्रतिशत)**

ख.संस्थागत सुत्केरी हुने मध्ये **निःशुल्क एम्बुलेन्स सेवा लिने ४६ जना**

**यातयात स्वरुप रु १००० लिने जम्मा १२१ जना**

**ग.घरमा डेलिभरी हुने  १० जना**

३.आमा सुरक्षा कार्यकम अन्तरगत

क.पहिलो सुत्केरी जाँच २४ घण्टा मा २१२(३५ प्रतिशत)

ख.तेस्रो र सातौ दिनमा घरमै सुत्केरी जाँच २५१जना

ग.४२ दिनमा स्वास्थ्य संस्थामा गई सुत्केरी जाँच  ५९ जना

## ४.खोप कार्यक्रम अन्तरगत

क.बि.सि.जी खोप पाएका बच्चा ३२० जना(५४ प्रतिशत)

ख.डिपिटिहेबहिब पहिलो पाएका बच्चा ३४२ जना(५७ प्रतिशत)

ग.डिपिटिहेबहिब तेस्रो पाएका बच्चा ३०८ जना(५२ प्रतिशत)

घ.दादुरा रुबेला पहिलो पाएका बच्चा २७९ जना(४७ प्रतिशत)

ङ. दादुरा रुबेला दोस्रो पाएका बच्चा ३४६ जना(५८ प्रतिशत)

च.१२ बर्ष माथिका नागरिकले कोभिड १९ बिरुद्धको फाइजर खोपको बुस्टर र थप बुस्टर डोज लगाएको संख्या **५५९० जना**

## ५.पोषण कार्यक्रम अन्तरगत

क.पहिलो पटक तौल लिइएका २ बर्ष मुनिका बच्चा ४६० जना(३९ प्रतिशत)

ख.दोहोराई तौल लिएका २ बर्ष मुनिका बच्चा २४९२ पटक

ग.औसत तौल लिएको पटक ६.४ पटक

घ.कम तौलका बच्चाको संख्या **५६ जना**

ङ.अति कम तौलका बच्चाको संख्या **६ जना**

च.पहिलो चरण(कार्तिक)मा  भिटामिन ए खाने ६ महिना देखि ५९ महिनाका बच्चाको संख्या २५०८(९९.८८ प्रतिशत)

छ.पहिलो चरण(मंसिर)मा जुकाको औषधि खाने छात्रछात्राको संख्या ७३३२ जना

ज.पालिकाको प्रशासनिक भवनमा स्तनपान कक्षको स्थापना र सबै वडा र बस्तीहरुमा स्तनपान सप्ताह मनाइयो ।

झ.सामुदायिक महिला स्वास्थ्य स्वंयसेकिाहरुको सम्मान गर्दै महिला स्वास्थ्य स्वंयसेबिका दिवस मनाइयो ।

ञ.स्वास्थ्य कार्यकमहरुको बार्षिक तथा अर्धबार्षिक समिक्षा सम्पन्न गरियो ।

ट. ६० बर्ष माथिका जेष्ठ नागरिकहरुको बिभिन्न ६ स्थानमा आँखा परिक्षण शिबिर र ७० बर्ष माथिकाहरुको लागि निःशुल्क स्वास्थ्य बिमा कार्यकम गर्दा ११० जनामा मोतिबिन्दु पत्ता लागेको छ भने ४३ जना ७० बर्ष माथिका नागरिकहरुको निःशुल्क बिमा गराइदिन सफल भइएको छ । ११० जनाका तिलगंगा आखा अस्पतालको समन्वयमा निःशल्क शल्यकिया गराउने योजना बनाइएको छ ।

- जेष्ठनागरिक स्वास्थ्य प्रबर्धनका लागि औषधि वितरण कार्यक्रम सम्पन्न भएको | (८ नं वडा बाहेक अन्य ८ वटा वडामा )
- स्वर्गद्वारी नगरपालिकामा रहेको परम्परागत स्वास्थ्य कर्मीहरुकालागि जनचेतना मुलक कार्यक्रम सम्पन भएको |
- बिद्यार्थीहरुका लागि आयुर्वेद र योग शिक्षा कार्यक्रम बेलबास मा. बि तापामा सम्पन्न भएको |
- गाउघर क्लिनिक निरन्तर संचालनमा रहेको |
- धन्वन्तरी दिबस ,रास्ट्रिय योग दिबस सम्पन्न भएको |
- अपांगता परिचयपत्र वितरण जम्मा २९

महिला १३ जना

पुरुष १६ जना

- पालिकासम्म पुग्न नसक्ने तथा दुर्गम क्षेत्रका अपांगता भएका व्यक्तिहरुलाई घरदैलो तथा शिविर कार्यक्रम संचालन –घरदैलोमा पुगेर हालसम्म ५ जनालाई अपांगता परिचयपत्र वितरण
- स्वर्गद्धारी नगरपालिकाको स्थानीय बाल अधिकार समिती् गठन (१५ सदस्यीय)

- स्वर्गद्धारी नगरपालिकाको पालिकास्तरीय १५ सदस्यीय लैंगिक हिंसा नियन्त्रण संजाल पुनर्गठन (सल्लाहकार २ जना) वडास्तरीय लैंगिक हिंसा नियन्त्रण संजाल पुनर्गठन (९ सदस्यीय र सल्लाहकार ४ जना)
- स्वर्गद्वारी नगरपालिकाको वडास्तरीय तथा नगरस्तरीय दलित संजाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८० स्विकृत तथा कार्यान्वयन
- स्वर्गद्वारी नगरपालिकामा ८० वर्ष उमेुर समुह भन्दा माथिका उत्कृष्ट जेष्ठ नागरिक स्यहार कर्ताहरुलाई राष्टि□ जेष्ठ नागरिक दिवसको अवसरमा सामग्री तथा तातो कपडा र सम्मान प्रमाणपत्र सहितसम्मान कार्यक्रम
- स्वर्गद्वारी नगरपालिकाभित्र रहनु भएका व्यक्तिहरुलाई सहायता सामग्री वितरण कार्यक्रम
- हस्पीटल बेड १ जना्
- ह्विलचियर  २ जना
- बैशाखी १२ जना
- लट्ठि ३३ जना
- तातो न्यानो बलाङ्केट ९ जना
- अपांगता भएका गरिब जेहेन्दार विद्यार्थीहरुलाई शैक्षिक सामग्री हस्तान्तरण ९ जना
- खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा मूल्य अनुदान ( गहु बालीको २६ टन बिउ वितरण गरिएको) धान र मकै बलिको बिउ सिजनमा वितरण गरिने
- रैथाने बालि प्रबर्द्र कार्यक्रम ( फापर बालीमा २ न. वडामा संचालन गरिएको)
- पकेट विकास कार्यक्रम ( आलु बालीमा ४ र ५ न. वादमा संचालन गरिएको)

- कृषक अध्ययन अबलोकन भ्रमण कार्यक्रम
- बालि संरक्षण सेवा ( दैनिक रुपमा चलिराखेको)
- ८१ जनाको श्रम स्वीकृतीमा सहजिकरण गरिएको
- श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम संचालन
- सूचिकृत बेरोजगार ब्यक्तिको लाभग्राही परिचयपत्र वितरण
- रोजगार संवाद मञ्च संचालन कार्यविधि,२०८० निर्माण
- नगदी रसिद काट्दा करदाताले तिरेको रकम करदाताको मोबाइलमा रकम सहित मेसेज प्राप्त गर्ने प्रणाली बिकास गरिएको,
- भिंग्री बजार, बसपार्क क्षेत्रमा CCTV जडान कार्य सम्पन्न गरिएको,
- भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको बिवरण राष्ट्रिय भुमि आयोगको प्रणाली इन्ट्री कार्य सम्पन्न गरिएको,
- यस स्वर्गद्वारी नगरपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन र स्थानीय तह वित्तीय सुशासन जोखिम मुल्यांकन सम्पन्न गरि नतिजा सार्वजनिक गरिएको,
- राष्ट्रीय योजना आयोगबाट संचालनमा ल्याएको प्रणालीमा आगामी आ.व २०८१/८२ को योजना तथा कार्यक्रमहरु माग गरिएको ।
- विभिन्न लघु उद्यमी समुहको बैठक सहजिकरण र ब्यवसायिक परामर्श प्रदान गरीएको ।
- बिभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु संग समन्वय गरी तालिममा सहभागी गराइएको ।
- स्वर्गद्धारी नगरपालिका कृषक लघुउद्यमी हरुको अध्ययन अबलोकन भ्रमण सम्पन्न गरीएको ।
- गत आ.व.मा कार्यक्रमवाट लाभांवित उद्यमीहरुले गरेको उद्यम व्यवसाय को अनुगमन गरीएका ।
- सहकारीहरुको डाटा संकलन गर्नुका साथै कोपोमिसमा आबद्ध नभएकाहरु लाइ कोपोमिसमा अबद्धताका लागि सहजिकरण गरीएको ।

- कानूनी इकाई व्यवस्थापन कार्य सम्पन्न,
- सामुदयिक मेलमिलापकर्ता जनप्रतिनिधि कर्मचारीकोलागि अभिमुखीकरण कार्यक्रम सम्पन्न,
- न्यायियिक समितिमा आवश्यकता अनुसारको बैठक भैइरहेको,
- मेलमिलाप केन्द्र गठन कार्यक्रम भईरहेको,
- विवादका निवेदनहरु दर्ता गरी मिलापत्र तथा मिलापत्र हुन नसकेका विवादहरु लाई उच्च न्यायिक निकायमा पठाईएको छ ।

**अन्त्यमा यस सार्वजनिक सुनुवाईमा सक्रियतापूर्वक भागलिन म अनुरोध गर्दै विदा हुन चाहान्छु**

**हवस्त धन्यवाद ।**

**नगर उप प्रमुख**